बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

आज मिति २०८० साल श्रावण महिनाको ५ गते शुक्रवारका दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा यस बेसिशहर नगरपालिकाको विभिन्न विषयमा छलफल गर्नका लागी नगर कार्यपालिकाको "तेइसौं" बैठक बसी तपशिल बमोजिमको उपस्थितिमा तपशिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | | |
|---|---|---|---|
| | १, | नगर प्रमुख | श्री गुमान सिंह अर्याल |
| | २, | उप - प्रमुख | श्री पद्मा गुरुङ |
| | ३, | प्र.प्र. अधिकृत | श्री इमनाथ कंडेल |
| | ४, | वडा अध्यक्ष वडा नं.(१) | श्री दुर्गा बहादुर बुढाथोकी |
| | ५, | —"— (२) | श्री मदन बहादुर राना |
| | ६, | —"— (३) | श्री चित्र बहादुर दनाई |
| | ७, | —"— (४) | श्री गम बहादुर गुरुङ |
| | ८, | —"— (५) | श्री इन्द्र बहादुर गुरुङ |
| अनुपस्थित | ९, | —"— (६) | श्री प्रकाश थापा |
| | १०, | —"— (७) | श्री ऋषिराम बस्नेत |
| अनुपस्थित | ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| | १२, | —"— (९) | श्री खुशी जङ गुरुङ |
| | १३, | —"— (१०) | श्री गंगा बहादुर थापा |
| | १४, | —"— (११) | श्री शिव प्रसाद जोशी |
| | १५, | कार्यपालिका सदस्य | श्री हिरालाल विश्वकर्मा |
| अनुपस्थित | १६, | —"— | श्री श्रीनाथ कुलाल |
| | १७, | —"— | श्री कल्पना थापा बोहरा |
| | १८, | —"— | श्री विमला न्यौपाने अधिकारी |
| | १९, | —"— | श्री सुक माया गुरुङ |
| | २०, | —"— | श्री सुक माया घर्ति |
| | २१, | —"— | श्री मनिता परियार |

## सहजकर्ता कर्मचारी

| | | | |
|---|---|---|---|
| | २२, | कार्यक्रम अधिकृत | श्री मेघेन्द्र पोखरेल |
| | २३, | प्रशासन अधिकृत | श्री गोविन्द बहादुर राउत |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०४/०५ गतेको बैठक

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय**
**लमजुङ, गण्डकी प्रदेश, नेपाल**

***नगर कार्यपालिकाको मिति २०८० साउन ५ गतेको बैठकका प्रस्तावहरु***

१. अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
२. योजना तथा कार्यक्रम अनुगमन सम्बन्धमा ।
३. कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।
४. प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।
५. आ.व. २०७९।०८० को बार्षिक समीक्षा सम्बन्धमा ।
६. चालु आ.व.को योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।
७. करार सेवामा इन्जिनियर (अधिकृतस्तर/सातौं) पदपूर्ति गर्ने सम्बन्धमा ।
८. विविध
   - जस्तापाता खरिद गर्ने सम्बन्धमा ।
   - जानकारी सम्बन्धमा (सम्पति विवरण बुझाउने)

**पारित निर्णयहरु**

**निर्णय नं. १: अघिल्लो बैठकका निर्णयहरुको समीक्षा सम्बन्धमा ।**
२०८०।०३।२३ गतेको नगर कार्यपालिका बैठकले गरेका निर्णयहरुको कार्यान्वयनको अवस्था बारे यस बैठकमा समीक्षा गरियो ।

**निर्णय नं. २ : योजना तथा कार्यक्रम अनुगमन सम्बन्धमा ।**
बेसीशहर नगरपालिकामा सञ्चालन हुने योजना तथा कार्यक्रमहरुको अनुगमन तथा सुपरिवेक्षण कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन साविकको अनुगमन समितिलाई बेसीसहर नगरपालिकाको अनुगमन तथा सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि २०७८ को दफा ३ समेतको आधारमा देहाय अनुसार पुनर्गठन गर्ने साथै अनुगमन समितिको प्रतिवेदनलाई मासिक रुपमा कार्यपालिका बैठकमा पेश गर्न अनुगमन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**देहायः**

| | |
|---|---|
| १.नगर उपप्रमुख- | संयोजक |
| २.प्रमुख प्रशासकीय अधिकृत- | सदस्य |
| ३.हिरालाल विश्वकर्मा, कार्यपालिका सदस्य- | सदस्य |
| ४.मनिता परियार, कार्यपालिका सदस्य- | सदस्य |
| ५.योजना शाखा प्रमुख- | सदस्य सचिव |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०४/०५ गतेको बैठक

**निर्णय नं. ३ : कर्मचारीहरुको म्याद थप सम्बन्धमा ।**

बेसीसहर नगरपालिकामा अस्थायी र करार सेवामा कार्यरत अनुसूचीमा संलग्न कर्मचारीहरु, नगरप्रमुखको स्वकीय सचिव र नगरप्रहरीहरुको अस्थायी तथा करार सेवाको म्याद २०८० असार मसान्तमा समाप्त भएको हुँदा म्याद समाप्त भएकै मितिदेखि लागु हुने गरी २०८० पुस मसान्तसम्म म्याद थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४ : प्रेस सल्लाहकारको म्याद थप सम्बन्धमा ।**

बेशीसहर नगरपालिकाका प्रेस सल्लाहकार कृष्ण केसीको करार सेवाको म्याद २०८० साउन १ गतेबाट २०८० पुस मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५ : आ.व. २०७९।०८० को बार्षिक समीक्षा सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको गत आर्थिक बर्ष २०७९।०८० को बार्षिक प्रगति समीक्षा गोष्ठी २०८० साउन २६ र २७ गते बेसीशहर नगरपालिका ३ काउलेपानीमा गर्ने साथै समीक्षा गोष्ठीमा प्रस्तुत हुने प्रगति समिक्षाको ढाँचा तथा गोष्ठीको कार्यतालिकालाई व्यवस्थित बनाउन देहाय अनुसारको समिति गठन गर्ने निर्णय गरियो ।

**देहाय**

१.नगर उपप्रमुख श्री पद्मा गुरुङ

२.प्रमुख प्रशासकीय अधिकृत श्री इमनाथ कँडेल

३.वडाध्यक्ष श्री मदन बहादुर राना

४.कार्यपालिका सदस्य श्री विमला न्यौपाने अधिकारी

५.कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल

**निर्णय नं. ६ : चालु आ.व. २०८०।०८१ को योजना तथा कार्यक्रम कार्यान्वयन कार्यतालिका सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको नगरसभाको तेह्रौं अधिवेशनबाट स्वीकृत भएका चालु आर्थिक बर्ष २०८०।०८१ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरुको कार्यान्वयन कार्यतालिका देहाय वमोजिम निर्धारण गर्ने निर्णय गरियो ।

**देहायः**

| क्र.सं | विवरण | कार्यसम्पन्न गर्नुपर्ने अवधी | कैफियत |
|---|---|---|---|
| १ | उपभोक्ता समिति गठन | २०८० भाद्र मसान्त भित्र | |
| २. | योजनाहरुको लागत इष्टिमेट तयार | २०८० असोज मसान्त भित्र | |
| ३ | योजना संझौता | २०८० मंसिर मसान्त भित्र | |
| ४. | योजना सम्पन्न गरिसक्नु पर्ने अवधी | २०८१ बैशाख १५ गते भित्र | |
| ५. | विस्तृत डिजाइन र लागत अनुमान तयार गरी ठेक्का बन्दोबस्तीतर्फका योजनाहरुको बोलपत्र आह्वान | २०८० भाद्र १५ गते भित्र | |
| ६. | बोलपत्र मूल्यांकन गरी ठेक्का संझौता | २०८० असोज मसान्त भित्र | |
| ७. | कार्यादेश तथा ठेक्का सम्झौताको काम शुरु | ठेक्का सम्झौता भएको १५ दिन भित्र | |

गुमान सिंह अर्याल
नगर प्रमुख

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेसीशहर, लमजुङ
गण्डकी प्रदेश, नेपाल
२०७३

बेसीशहर नगर कार्यपालिकाको मिति २०८०/०४/०५ गतेको बैठक

**निर्णय नं. ७ : करार सेवामा इन्जिनियर पदपूर्ति गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि २०७४ अनुसार नगरपालिकाको शहरी पूर्वाधार विकास शाखामा काम गर्ने गरी अधिकृतस्तर सातौं तहमा एक जना सिभिल इन्जिनियर पदपूर्ती गर्ने र यसको लागि तुरुन्त प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ८ : जस्तापाता खरिद सम्बन्धमा ।**

चालु आर्थिक बर्ष २०८०।०८१ को सामुदायिक भवन तथा विपन्न नागरिक आवास सहयोग कार्यक्रम (जस्तापाता खरिद) शिर्षकमा आन्तरिक श्रोततर्फ विनियोजित रकम रु. १२ लाखबाट जस्तापाता खरिद प्रक्रिया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ९ : जानकारी सम्बन्धमा ।**

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ५० को उपदफा (१) वमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिले हरेक आर्थिक बर्ष समाप्त भएको मितिले साठी दिनभित्र आफ्नो र आफ्नो परिवारको नाममा रहेको सम्पतिको श्रोत सहितको अद्यावधिक विवरण सम्वन्धित निकाय समक्ष बुझाउनु पर्ने व्यवस्थाको सम्बन्धमा यस कार्यपालिका बैठकमा स्मरण गराउनुको साथै वडाध्यक्षहरुले आफ्ना वडासदस्यहरुलाई समेत यस बारेमा जानकारी दिई विवरण बुझाउन लगाउने निर्णय गरियो ।

गुमान सिंह अर्याल
नगर प्रमुख